अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

मिति: २०८१।१२।२२ गते।

प्रेस विज्ञप्ति

विषयः प्रतिवादी अजय प्रकाशसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्रतिवादी कटहरिया नगरपालिका, रौतहटका **नगर प्रमुख अजय प्रकाश** समेतका प्रतिवादीहरु उपर आ.ब. २०७८/०७९ मा जिल्ला रौतहट, कटहरिया, नगरपालिका वडा नं.२ स्थित जमुनिया बजारमा रहेको सामुदायिक भवनमा टायल्स फ्लोरिङको काममा फिल्डमा भए गरेको कार्य भन्दा बढी परिमाण देखाई बढी भुक्तानी गरेको हुँदा भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ग) र (ङ) बमोजिमको कसुरमा बिगो रु. १२,५२,९४१।९५ कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले मिति २०८१।०५।३१ को फैसलाबाट सफाई दिएकोमा उपरोक्त फैसलाउपर मिति २०८१।१२।२२ गते सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको छ।

प्रवक्ता
राजेन्द्र कुमार पौडेल